(कार्यालय प्रयोजनको लागि)

# महालेखा परीक्षकको कार्ययोजना

## (२०७४-२०८०)

## महालेखा परीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# प्राक्कथन



नेपालको संविधानबमोजिम महालेखा परीक्षक पदमा नियुक्त भई छ वर्षीय कार्यकालको कार्ययोजना सार्वजनिक गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । नेपाल सरकारको निजामती सेवामा मेरो लामो समय लेखा, लेखापरीक्षण, वित्तीय व्यवस्थापन तथा राजस्व प्रशासनका क्षेत्रमा व्यतीत भएको छ । सोही अनुभवलाई उपयोग गर्दै नेपालको वित्तीय प्रशासनमा सुधार, आर्थिक अनुशासन र सुशासनमा योगदान पुऱ्याउने अठोट र प्रबल उत्साहका साथ मैले महालेखा परीक्षकको जिम्मेवारी सम्हालेको छु ।

नेपालको अर्थतन्त्र र वित्तीय प्रशासनको हालको अवस्था मूल्याङ्कन गर्दा सकारात्मक र नकारात्मक दुबै पक्षहरु पाइन्छन् । अर्थतन्त्रमा हाल लामो अवधिपछि ६.९ प्रतिशतको उच्च आर्थिक वृद्धि दरको अनुमान गरिएको छ । सरकारी खर्च तथा वित्तीय जवाफदेहिताको अवस्था मूल्याङ्कनबाट सरकारी लेखा, अभिलेखन र प्रतिवेदन प्रणाली, बजेटको विश्वसनीयता, व्यापकता र पारदर्शिता लगायतका सूचकहरु विश्वका न्यून र केही मध्यम आय भएका मुलुकहरुको हाराहारीमा वा सोभन्दा पनि उच्चस्तरको रहेका छन् । अर्कोतर्फ अत्यधिक मात्रामा अनियमितता र बेरुजू वृद्धि भएको, समग्र सुशासनको स्थिति तल झरेको, विकास निर्माणको सञ्चालन एवं सेवा प्रवाह गर्ने सरकारी सयन्त्रको क्षमता कमजोर रहेको, पुँजीगत खर्च गर्ने क्षमतामा कमी आएको, सार्वजनिक खरिद, राजस्व प्रशासन तथा सार्वजनिक संस्थान सञ्चालनमा कमजोरी रहेको लगायतका कारणले समग्रतामा आर्थिक अनुशासन खस्केको अवस्था देखिएको छ ।

वित्तीय प्रशासनमा कमजोरी र आर्थिक अनुशासनमा कमी आउनुमा विगत लामो अवधिदेखिको राजनीतिक संक्रमणकाल र अस्थिरता, सरकारी पदाधिकारीहरुमा जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्ने क्षमतामा ह्रास तथा व्यवस्थापकीय कमजोरी, लामो अवधिसम्म स्थानीय तहमा जनप्रतिनिधिहरु नहुनु, सरकारी काम कारबाहीमा स्वस्थ कार्यवातावरण नहुनु लगायतका कारण रहेका छन् । त्यसैगरी लामो अवधिसम्म व्यवस्थापिका-संसदका संसदीय समितिहरु क्रियाशील नरहनु, विगतमा पटक पटक लामो अवधिसम्म महालेखा परीक्षक नै नियुक्ति नहुनु जस्ता कारणहरुले पनि वित्तीय प्रशासनमा प्रभावकारी बाह्य जाँच र अनुगमनको कमी भई यस्ता समस्या बढेको देखिन्छ ।

अब परिस्थितिमा परिवर्तन आएको छ । व्यवस्थापिका-संसद र संसदीय समितिहरु क्रियाशील रहेका छन् । स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधिहरुले कार्यभार सम्हाल्न थालनी गरिसकेका छन् । यस परिप्रेक्षमा विकास निर्माण, सेवा प्रवाह, सार्वजनिक खर्च तथा स्रोत व्यवस्थापन गर्दै सुशासन प्रर्वद्धन गर्ने र आर्थिक अनुशासन कायम गर्ने सुनौलो अवसर रहेको छ । स्थानीय तहमा शून्यबाट काम शुरु गरिँदैछ । तसर्थ यस्तो अवसरको उपयोग गर्दै शुरुदेखि नै आर्थिक अनियमितता नहुने प्रणाली र पद्धति स्थापित गर्न सबैले ध्यान दिनुपर्दछ । महालेखा परीक्षकको कार्यालयले पनि यो अवसरको पूर्ण उपयोग गर्दै नेपालको संविधानले निर्दिष्ट गरेका नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा वैज्ञानिक विधि र प्रक्रियाहरु अवलम्बन गरी विश्वसनीय र भरपर्दो लेखापरीक्षणको माध्यमबाट सार्वजनिक वित्तीय व्यवहारमा जवाफदेहिता र पारदर्शिता प्रवर्धन गरी आर्थिक अनुशासन कायम गर्न गराउन अग्रणी भूमिका निर्वाह गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

वित्तीय प्रशासनका विद्यमान अवस्थाका सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्दै महालेखा परीक्षकको काम, कर्तव्य र जिम्मेवारीलाई प्रभावकारी बनाउन, अन्तर्राष्ट्रिय क्षेत्रमा लेखापरीक्षणको पद्धतिमा आएका नवीनतम अवधारणा, मुलुकको राजनैतिक, सामाजिक र आर्थिक परिवेशमा आएको

परिवर्तन तथा नेपालको संविधानअनुसार थप भएको प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणको बढ्दो क्षेत्राधिकार समेतलाई मध्यनजर राखी विगतका रणनीतिक योजना, कार्ययोजना र प्रतिवेदनहरु समेतको आधार लिई महालेखा परीक्षकको कार्ययोजना (२०७४–२०८०) सार्वजनिक गरिएको छ । यस कार्ययोजनामा संगठनात्मक व्यवस्था र कार्यप्रणालीमा सुधार, लेखापरीक्षण प्रक्रिया र पद्धतिमा सुधार, लेखा तथा लेखापरीक्षण नीति र कानुनी व्यवस्थामा सुधार, जनशक्ति व्यवस्थापन तथा क्षमता विकास, लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि तथा गुणस्तर आश्वस्तता, वित्तीय अनुशासन परिपालना, सवैधानिक र संसदीय सम्बन्ध र बाह्य सम्बन्ध तथा सञ्चार जस्ता विषयहरुमा सुधारका पक्षहरु समावेश गरिएको छ ।

प्रस्तुत कार्ययोजनाको कार्यान्वयनबाट सार्वजनिक निकायहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि हुने, पारदर्शिता प्रवर्धन हुने, सरकारी कोषको दुरुपयोग नियन्त्रण भई मुद्राको सार्थकता सुनिश्चित हुने, मुलुकको शासकीय व्यवस्थामा अनियमितता र खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता वृद्धि भई सुशासनका सूचकहरुमा सुधार आउने, आर्थिक अनुशासन कायम भई अनियमितता र बेरुजू न्यूनीकरण हुने, वित्तीय व्यवस्थापनका बारेमा आम नागरिकमा सचेतना बढ्ने, महालेखा परीक्षकको कार्यलयबाट सम्पादित लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता वृद्धि भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षा राखेको छु ।

अन्तमा यो कार्ययोजना तयार गर्न सुझाव दिने र सहयोग गर्ने महालेखा परीक्षकको कार्यलयका कर्मचारीवर्ग लगायत सबैलाई धन्यवाद दिदै कार्ययोजना कार्यान्वयनमा सबैको सहयोग मिल्ने विश्वास लिएको छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# विषय-सूची


| | | |
|---|---|---|
| १ | संवैधानिक तथा कानुनी व्यवस्था | १ |
| २ | कार्यालयको भूमिका | २ |
| ३ | कार्ययोजनाको औचित्य | २ |
| ४ | बाह्य वातावरण | ४ |
| ५ | आन्तरिक वातावरण | ८ |
| ६ | कार्ययोजना | १४ |
| ७ | कार्यान्वयन रणनीति | २७ |
| ८ | अनुगमन व्यवस्था | २७ |
| ९ | जोखिम | २७ |
| १० | अपेक्षित उपलब्धि | २८ |

# परिच्छेद - एक
# पृष्ठभूमि

१. **संवैधानिक तथा कानुनी व्यवस्थाः** नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिस र व्यवस्थापिका-संसदको संसदीय सुनुवाई विशेष समितिमा सुनवाई भई अनुमोदन पश्चात् राष्ट्रपतिबाट महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । धारा २४१ मा संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकले लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नेपालको संविधानमा महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम गरिएको छ ।

- राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाल लगायत संघीय र प्रदेशका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने,
- पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिमा परामर्श दिने ,
- महालेखा परीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका कोष, समिति, निकायको लेखापरीक्षण गर्ने,
- लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न पाउने,
- लेखा ढाँचा स्वीकृत गर्ने,
- आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने ।

लेखापरीक्षण ऐन, २०४८ (संशोधनसहित) ले महालेखा परीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुरा र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सम्बन्धमा उल्लेख गरेको छ ।

२. **कार्यालयको भूमिका:** महालेखा परीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" दूरदृष्टि र "सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" गन्तव्य निर्धारण गरेको छ । स्वतन्त्रता, निष्ठा, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता कार्यालयका मूल्य र मान्यता हुन् ।

कार्यालयले लेखापरीक्षणको माध्यमबाट सार्वजनिक हित प्रवर्द्धनका सन्दर्भमा प्रचलित ऐन नियम, निर्देशिका विपरीत आर्थिक कारोबार भएमा, सार्वजनिक निकायले जनतालाई सेवा प्रवाह गर्ने सिलसिलामा भएका कमी कमजोरीहरु, सार्वजनिक नीतिको कार्यान्वयनमा देखिएका समस्याहरु नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट औंल्याई सचेतकको भूमिका खेलेको छ । फलस्वरुप राज्यको स्रोतसाधनको अपव्यय, दुरुपयोग, हानि–नोक्सानी, चुहावट रोकथाम एवं स्रोतसाधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुगेकोछ । कार्यालयले औंल्याएका विषयहरुको सम्बोधनबाट सरकारी रकम असुल भई सञ्चितकोषमा जम्मा भएको तथा ऐन, नियम, नीति, संगठनात्मक सुधारको कारणबाट समेत राज्यलाई थप राजस्व प्राप्त भएको छ । सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता आएको र जनतालाई प्रवाह हुने सेवामा प्रभावकारिता आएको प्रशस्त उदाहरण छन् । तसर्थ आर्थिक अनुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयको ठूलो योगदान रहेको छ ।

३. **कार्ययोजनाको औचित्य:** महालेखा परीक्षकको कार्यालयले रणनीतिक योजना (२०१६-२०) जारी गरी सो कार्यावयनको लागि कार्यसञ्चालन योजना (२०१६-२०) तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त योजना कार्यान्वयन भएको एक वर्षको अवधिमा भएका प्रगति, नेपालको संविधानबमोजिम संघीयता कार्यान्वयनको सर्न्दभमा लेखापरीक्षणको

तरिका, क्षेत्र र गुणस्तरमा सुधार गरी पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्दै सुशासन कायम गराउन थप आवश्यक देखिएका क्रियाकलापहरुलाई समावेश गरी ६ वर्षे कार्ययोजना तयार गरिएको छ । कार्य योजनामा नयाँ र अति आवश्यक रहेका संगठनको पुर्नसंरचना, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास, कानुनी सुधार, कार्य प्रक्रिया र पद्धतिमा सुधारसम्बन्धी क्रियाकलापहरु समावेश गरिएका छन । यो कार्ययोजना रणनीतिक योजना र कार्यसञ्चालन योजनाको अभिन्न अङ्गको रुपमा रहेको छ ।

# परिच्छेद - दुई
# विद्यमान अवस्था

४. **बाह्य वातावरणः** मुलुकको समग्र आर्थिक अनुशासनका परिसूचकहरु र महालेखा परीक्षकको कार्यालयको समग्र अवस्था विश्लेषण स्थिति देहायअनुसार प्रस्तुत गरिएको छः

४.१ **लेखापरीक्षण अङ्क र बेरुजूः** महालेखा परीक्षकको चवन्नौँ वार्षिक प्रतिवेदनबमोजिम लेखापरीक्षण गरिएको विवरण देहायअनुसार छः

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु.करोडमा) | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु.करोडमा) |
|---|---|---|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | ४७७५ | ३३,३९,७८ | (ख) कार्यमूलक लेखापरीक्षण | ७ | - |
| १. सरकारी कार्यालय | ३,९४४ | १२,९५,४४ | (ग) सूचना प्रविधि लेखापरीक्षण | ३ | - |
| २. जिल्ला विकास समिति | ७५ | १,२३,०३ | (घ) वातावरणीय लेखापरीक्षण | १ | - |
| ३. समिति र अन्य संस्था | ६,९३ | १,२२,४७ | | - | - |
| ४. संगठित संस्था | ६३ | १७,९८,८४ | | - | - |
| | | | **कुल जम्मा** | **४,७८६** | **३३,३९,७८** |

सरकारी कार्यालयतर्फ यो वर्ष ३ हजार ९४४ सरकारी निकायको विनियोजन, राजस्व र धरौटीसमेत रु.१२ खर्ब ९५ अर्ब ४४ करोड र ६९३ समिति तथा अन्य संस्थाको रु.१ खर्ब २२ अर्ब ४७ करोड ६ लाख र ७५ जिल्ला विकास समितिको रु.१ खर्ब २३ अर्ब २ करोड ७७ लाखको लेखापरीक्षण गरिएको छ । सो लेखापरीक्षणबाट रु.८८ अर्ब ८५ करोड र संगठित संस्था एवं समितितर्फ रु.८ अर्ब ५८ करोडसमेत निम्नानुसार रु.९७ अर्ब ४४ करोड बेरुजू देखिएको छः

(रकम रु. लाखमा)

| वर्गीकरण | सरकारी कार्यालय | जिल्ला विकास समिति, समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| १. असुल गर्नुपर्ने | ४०,४३,८९ | ९४,७८ | ४१,३८,६७ | ४२.४८ |
| २. नियमित गर्नुपर्ने | २४,४०,३२ | ६,०७,७८ | ३०,४८,१० | ३१.२८ |
| ३. पेश्की | २४,०१,३८ | १,५५,५४ | २५,५६,९२ | २६.२४ |
| **जम्मा बेरुजू** | **८८,८५,५९** | **८,५८,१०** | **९७,४३,६९** | **१००.००** |

महालेखा परीक्षकको त्रिपन्नौँ वार्षिक प्रतिवेदनमा रु.५६ अर्ब ६५ करोड बेरुजू देखिएकोमा चवन्नौँ वार्षिक प्रतिवेदनमा रु.९७ अर्ब ४४ करोड देखिएकोले बेरुजू ७२ प्रतिशतले बढेको छ । असुलउपर गर्नुपर्ने बेरुजू ८.५० गुना बढेको छ ।

४.२ **अद्यावधिक बेरुजूको स्थिति:** निकायहरुले असुल फछ्र्यौट गरी कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम त्रिपन्नौं वार्षिक प्रतिवेदनमा रु.३ खर्ब २८ अर्ब ५२ करोड रहेकोमा चवन्नौं प्रतिवेदनमा देहायअनुसार रु.३ खर्ब ९६ अर्ब २६ करोड पुगेको छ । उक्त रकममा २०.६२ प्रतिशतले थप भएको छ ।

**(रु. करोडमा)**

| विवरण | यस वर्ष | विवरण | यस वर्ष |
|---|---|---|---|
| सरकारी कार्यालयतर्फ बेरुजू | १६७४९ | समयमै शोधभर्ना नलिएको वैदेशिक अनुदान | २२५२ |
| संगठित संस्था एवं समितितर्फ बेरुजू | ५४४० | समयमै शोधभर्ना नलिएको वैदेशिक ऋण | १४३४ |
| लेखापरीक्षण नगराएको (बक्यौता) | ५३१ | सरकार जमानी बसी दिलाएको ऋणको भाखा नाघेको साँवा ब्याज | २ |
| राजस्व असुल नगरेको (बक्यौता) | १३२१८ | | |
| | | **कुल जम्मा:** | **३,९६,२६** |

४.३. **बढी बेरुजू हुने मन्त्रालय:** सरकारी कार्यालयतर्फ बेरुजू रु.८८ अर्ब ८५ करोड ५९ लाखमध्ये बढी बेरुजू हुने ५ मन्त्रालय निम्नानुसार छन् । यो रकम कुल बेरुजूको ८०.४८ प्रतिशत छ ।

(रु. लाखमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | अर्थ | ७१८९५६६ | ३७५३६१ | १५४८६ | ३०२ | ३९११४९ | ४४.०२ | ५.४४ |
| २. | भौतिक पूर्वाधार तथा यातायात | ७०६८७० | ६५०० | २४२५२ | ९६९५३ | १२७७०५ | १४.३७ | १८.०७ |
| ३. | संघीय मामिला तथा स्थानीय विकास | ६७०६२६ | २५५२ | ४२०१३ | ३५७८३ | ८०३४८ | ९.०४ | ११.९८ |
| ४. | शिक्षा | ९२०३०४ | १०५८ | ७३९१६ | २६७० | ७७६४४ | ८.७४ | ८.४४ |
| ५. | खानेपानी तथा सरसफाई | १४६४३४ | १७४६ | २१५४४ | १४९६० | ३८२५० | ४.३० | २६.१२ |
| | जम्मा | ९६३३८०० | ३८७२१७ | १७७२११ | १५०६६८ | ७१५०९६ | | ७.४२ |

अत्यधिक बेरुजू हुने मन्त्रालय, निकाय र जिम्मेवार पदाधिकारीलाई उच्च जोखिमका क्षेत्र मानी विशेष अनुगमन गर्नु जरुरी देखिन्छ ।

४.४ **संगठित संस्था, समिति र अन्य संस्था:** लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने २८ संस्था, समिति र अन्य संस्थामध्ये १६ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रु.५० अर्ब ३७ करोड र १२ संस्थाको कुल सञ्चालन नोक्सानी रु.८ अर्ब ७४ करोड रहेको छ ।

४.५ **सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वको अवस्था:** नेपाल सरकारले गरेको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कनअनुसार सन् २००७ को तुलनामा २०१४ मा स्तरोन्नति भएको, खस्केको र स्थिर रहेको सूचकको विवरण देहायमा छ:

| **मूल्याङ्कनको अवस्था** | **सूचक सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| स्तरोन्नति भएको | १९ | ६१ |
| स्तर खस्केको | २ | ७ |
| स्थिर (कुनै परिवर्तन नभएको) | १० | ३२ |
| **जम्मा** | **३१** | **१००** |

मूल्याङ्कनका विभिन्न आयामहरुमा नेपालको प्राप्ताङ्क र संवेदनशील देश, कम विकसित मुलुक र मध्यम आय भएका मुलकबीचको तुलनात्मक स्थिति देहायअनुसार छ । जसमा मूल्याङ्कन अवधिमा सार्वजनिक लेखा समिति नरहेको लगायतका कारणबाट बाह्य जाँच र लेखापरीक्षणमा अन्य मुलुकको तुलनामा कमजोर देखिएको छ ।

| देश | बजेटको विश्वसनीयता | व्यापकता र पारदर्शिता | नीतिमा आधारित बजेट | अनुमानयोग्य र बजेट कार्यान्वयनको नियन्त्रण | लेखा, अभिलेखन र प्रतिवेदन | बाह्य जाँच लेखापरीक्षण |
|---|---|---|---|---|---|---|
| नेपाल | ३.५ | २.७ | ३.२५ | २.५ | २.६ | १.५ |
| १५ संवेदनशील | २.० | २.० | २.३ | १.९ | २.० | १.७ |
| २६ कम विकसित | २.४ | २.४ | २.५ | २.४ | २.१ | १.८ |
| ५२ मध्यम आय | २.८ | २.८ | २.८ | २.५ | २.५ | २.३ |

४.६ **सरकारी खर्च गर्ने क्षमता विश्लेषण:** सरकारले प्रत्येक वर्ष राजस्ब अनुमानकै हाराहारीमा असुली गरे पनि बजेट अनुमानको तुलनामा ७३ देखि ८६ प्रतिशतसम्म मात्र खर्च भएकोले सरकारी स्रोतसाधनको उपयोग क्षमता कम रहेको देखिन्छ । त्यसमा पनि वैदेशिक स्रोततर्फको उपयोग क्षमता २०७२।७३ मा ३५ प्रतिशत रहेको छ । सरकारी राजस्व र खर्चको विगत वर्षको स्थिति निम्नानुसार छ:

(रु. करोडमा)

| आर्थिक वर्ष | विनियोजन बजेट | | प्रतिशत | पूजिंगतखर्च | | | राजस्व | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ | | अनुमान | यथार्थ | प्रतिशत | अनुमान | यथार्थ | |
| २०७०।७१ | ५१७२४ | ४३५०५ | ८४.११ | ८५१० | ६६६९ | ७८.३६ | ३६००८ | ३५६६२ | ९९.०४ |
| २०७१।७२ | ६१८१० | ५३१५६ | ८६.०० | ११६७५ | ८८८४ | ७६.०९ | ४२४७५ | ४०५८७ | ९५.५६ |
| २०७२।७३ | ८१९४७ | ६०१०१ | ७३.३४ | २०८८८ | १२३२५ | ५९ | ५०१९६ | ४९८९२ | ९९.३९ |
| २०७३।७४ | ९२९११ | ५११३१ | ५५.०३ | ३११९५ | ९८५० | ३१.५७ | ५६५९० | ४८४६९ | ८५.६५ |

*द्रष्टव्य: २०७३।७४ को यथार्थ अङ्क २०७४ वैशाख मसान्तसम्मको रहेको छ ।*

पुँजीगत खर्चतर्फको ३ वर्षको स्थिति विश्लेषण गर्दा क्रमशः घट्दै गई आर्थिक वर्ष २०७२।७३ मा ५९ प्रतिशत रहेको छ । पुँजीगत खर्चमा पनि ४७ प्रतिशत आषाढ महिनामा हुने प्रवृत्तिले कामको गुणस्तर कमजोर भै खर्चको सदुपयोग हुन नसक्ने अवस्था छ । राजस्वतर्फ लक्ष्यको नजिक असुली रहेको देखिए तापनि कुल राजस्व सम्भाव्यताको आँकलन भई सोही अनुसार असुली हुनुपर्दछ ।

४.७ **नेपालको सुशासनको स्थितिः** संयुक्त राष्ट्रसंघ एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक र सामाजिक आयोगको सर्भे प्रतिवेदनमा नेपालको सुशासन सूचकाङ्कको तुलनात्मक स्थिति निम्नाअनुसार देखिएको छः

| शीर्षक | सन् १९९५ देखि २००४ | सन् २००५ देखि २०१४ |
|---|---|---|
| कानुनी शासन | ४२.६ | ३४.२ |
| नियमन गुणस्तर | ३९.९ | ३६.३ |
| भ्रष्टाचार नियन्त्रण | ४२.३ | ३६.४ |
| सरकारी प्रभावकारिता | ३८.६ | ३३.१ |
| सुशासन | ४०.९ | ३५ |

माथिको तुलनात्मक विवरणमा पछिल्लो सर्वेक्षणमा सबै आयामका सूचकहरु घटेको पाइन्छ । यसबाट सुशासनको अवस्थामा खस्केको छ । त्यसै गरी ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशन गरेको प्रतिवेदनअनुसार नेपालको भ्रष्टाचार मापन सूचक (Corruption Perception Index) को अवस्था विगत ४ वर्षको अवधिमा खस्कँदै गएको छ । नेपाल सन् २०१३ मा ११६ स्थानमा रहेकोमा क्रमशः तल झरेर २०१४, २०१५ र २०१६ मा क्रमशः १२६, १३० र १३१ स्थानमा पुगेको छ ।


४.८ **वित्तीय अनुशासन तथा बेरुजू फछ्र्यौटको अवस्थाः** योजना तथा बजेट, खर्च व्यवस्थापन, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन र संस्थान व्यवस्थापनका क्षेत्रमा कमजोरी देखिएका छन् । सार्वजनिक निकायहरुमा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर छ भने स्रोतसाधनको संरक्षण र उपयोग तथा राजस्व प्रशासन सञ्चालनमा अपेक्षित प्रभावकारिता आउन सकेको छैन । आन्तरिक नियन्त्रण कमजोर छ । बेरुजू बढ्दै गएको छ । उक्त तथ्यलाई देहायबमोजिमको सरकारी

निकायतर्फको विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थितिले पुष्टि गर्दछ:

(रु.लाखमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत |
|---|---|---|---|
| बाउन्नौं | ८,५३,९४,६४ | ३७,४०,५७ | ४.३८ |
| त्रिपन्नौं | १०,४३,२३,८४ | ४८,७७,८८ | ४.६७ |
| चवन्नौं | १२,९५,४४,९२ | ८८,८५,५९ | ६.८६ |

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू त्रिपन्नौं प्रतिवेदनमा ४.६७ प्रतिशत रहेकोमा चवन्नौं प्रतिवेदनमा बढेर ६.८६ प्रतिशत पुगेको छ । त्यसैगरी बेरुजू फछ्र्यौट तर्फ पनि विगत चार वर्षको बेरुजू फछ्र्यौटको अवस्था विश्लेषण गर्दा प्रतिवर्ष बेरुजू बढेको तर सम्परीक्षण कम भएको स्थिति रेखाचित्रमा देखाइएको छ । एउटै कैफियत पटक पटक दोहोरिँदा पनि सुधारमा ध्यान नजाने स्थिति छ । नियमनकारी निकायहरु पनि प्रभाबकारी नहुने र संसदीय समितिले दिएका निर्देशनपनि कार्यान्वयन नभएको अवस्था छ । तर्सथ समग्रमा सार्वजनिक जवाफदेहिता कमजोर देखिन्छ ।




आर्थिक अनुशासनको कमि हुनुमा राजनीतिक, प्रशासकीय तथा व्यवस्थापकीय र बाह्य एवं सामाजिक परिवेश जिम्मेवार छन् । राजनीतिक संक्रमणकाल र सरकारको अस्थिरता, दण्डहीनता, केन्द्रीकृत शासन प्रणालीको कमजोरी, दुई दशकदेखि स्थानीय तहमा जनप्रतिनिधिको अभाव, सार्वजनिक पदाधिकारीहरुमा जिम्मेवारी र जवाफदेहिताको ह्रास, सरकारी संयन्त्रमा बजेट तथा कार्यक्रममा भएको वृद्धिसँगै कार्यान्वयनको लागि प्राविधिक र व्यवस्थापकीय क्षमताको कमी, सरकारको जनशक्ति परिचालनको फितलोपना र अनुशासनको अभाव, सरकारी काम कारबाहीमा स्वस्थ कार्यवातावरण नभएको जस्ता कारणले वित्तीय सुशासन कमजोर रहेको छ ।

५. **आन्तरिक वातावरण:** महालेखा परीक्षकको कार्यालयको हालको आन्तरिक अवस्था विश्लेषण गर्दा निम्नानुसार रहेको छ:

५.१ **महालेखा परीक्षकको स्वतन्त्रताः** सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणापत्रमा प्रत्येक देशको सर्वोच्च लेखापरीक्षण संस्थालाई आर्थिक तथा प्रशासनिक स्वायत्तता प्रदान गर्नुपर्ने उल्लेख छ । हाम्रो परिप्रेक्ष्यमा कार्यालयका कर्मचारीको नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन र बढुवा तथा आर्थिक स्रोतको व्यवस्थापनमा कार्यकारीको संलग्नता रहेको छ ।

नेपालको संविधानबमोजिम प्रशासकीय तथा वित्तीय स्वतन्त्रताको लागि लेखापरीक्षण ऐन, नियमावली, लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा, मेक्सिको घोषणाअनुसार प्रशासकीय र वित्तीय स्वायत्तता हासिल गर्न आवश्यक कानुनी व्यवस्था र वित्तीय जवाफदेहिता कानुनको तर्जुमा एवं अन्य कानुनको परिमार्जन गर्नुपर्ने अवस्था छ ।

५.२ **जनशक्ति व्यवस्था र सुविधाः** महालेखा परीक्षकको कार्यालयको दरबन्दी लामो अवधिदेखि पुनरावलोकन भएको छैन । कार्यालयमा ४ महाशाखा, १४ महानिर्देशनालय र २७ निर्देशनालय रहेका छन् । हालको दरबन्दी र पदपूर्ति अवस्था देहायअनुसार छः

| सि.न | पदको नाम | कुल दरबन्दी | पदपूर्ति |
|---|---|---|---|
| १ | उप महालेखा परीक्षक | ४ | ४ |
| २ | नायब महालेखा परीक्षक | १४ | १३ |
| ३ | निर्देशक | ८६ | ८२ |
| ४ | लेखापरीक्षण अधिकारी | १६७ | १५२ |
| ५ | लेखापरीक्षण अधीक्षक | ८२ | ८२ |
| ६ | अन्य कर्मचारीहरु | ९५ | ५६ |
| | जम्मा | ४४८ | ३८९ |

कार्यालयका कर्मचारीहरुलाई अन्य निजामती कमचारीहरुले पाएको तुलनामा कुनै थप सुविधाको व्यवस्था छैन । कर्मचारीको व्यवस्थापन निजामती सेवा ऐन र नियमावलीअन्तर्गत भई रहेको छ । छुट्टै लेखापरीक्षण सेवा सञ्चालन नियमावलीको अभाव छ ।

कार्यालयको जनशक्ति लेखा तथा लेखापरीक्षण विषयसँग सम्बन्धित मात्र रहेका, बहुसीपयुक्त नभएको, कर्मचारीको पेसागत क्षमता विकासका अवसरहरु न्यून रहेको छ । लेखापरीक्षणका लागि विषय विज्ञहरु (पूर्वाधार विज्ञ, स्वास्थ्य विज्ञ, अर्थशास्त्री, समाजशास्त्री, सूचना प्रविधि विज्ञ, इञ्जिनियर, प्रेस तथा सूचना विज्ञलगायत) आवश्यक देखिन्छ । कर्मचारी

क्षमता विकासको लागि थप स्वदेश, विदेश तालिम, अनुभव आदान प्रदान गर्ने र लेखापरीक्षकहरुले दबाब, प्रभाव र प्रलोभनबाट मुक्त रही आचारसंहिताको कडाइका साथ पालना गर्ने र प्रोत्साहन प्रणालीलाई पुनरानवलोकन गरी निरन्तरता दिन कानुनी व्यवस्था गर्नुपर्ने देखिएको छ ।

५.३ **कार्यबोझः** महालेखा परीक्षकको कार्यालयले विगत २०४८।४९ देखि २०७२।७३ सम्मको लेखापरीक्षणको कार्यवोझ देहायमा उल्लेख गरिएको छः

(रु. लाखमा)

| लेखापरीक्षण | २०४८।४९को लेखापरीक्षण | २०६४।६५ को लेखापरीक्षण | २०६८।६९को लेखापरीक्षण | २०७२।७३ को लेखापरीक्षण |
|---|---|---|---|---|
| कार्यालय संख्या | २८०० (करिब) | ३३४२ | ४८०२ | ४५११ |
| लेखापरीक्षण अङ्क | १,२९,१५,८८ | ८,०५,४३,८३ | १८,८४,६५,९५ | ३३,३९,७८,३५ |
| सरकारी कार्यालय | ४४२३८० | २४२८०६८ | ७४२५९४३ | १२,९५,४४,९२ |
| अन्य संस्था, समिति | ८४९२०८ | ५६२६३१५ | ११०२०६५२ | २०,४४,३३,४३ |

आर्थिक वर्ष २०४८।४९ देखि स्वीकृत दरबन्दीमा खासै फेरबदल नभएको तर लेखापरीक्षणको अङ्क बढ्दै गएको छ । नयाँ संविधानबमोजिम स्थानीय तहको लेखापरीक्षण गर्नुपर्दा थप कार्य गर्नुपर्ने अवस्था छ । चवन्नौं वार्षिक प्रतिवेदनअनुसार कार्यालयको ३६२ कर्मचारीले सरकारी कार्यालय, समिति र अन्य संस्थाको रु.१४ खर्ब १८ अर्ब ४६ करोडको र संगठित संस्थाको रु.१७ खर्ब ९८ अर्बको लेखापरीक्षण गरिएको छ ।

५.४ **संघ, प्रदेश र स्थानीय तहमा कार्यबोझः** प्रदेशअनुसार जिल्लास्थित कार्यालय र लेखापरीक्षण अङ्क एवं स्थानीय तहको संख्या देहायबमोजिम छः

| प्रदेश नं. | कार्यालय संख्या | लेखापरीक्षण अंक रु (लाखमा) | स्थानीय तह संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | महानगर | उप महानगर | नगरपालिका | गाउंपालिका | जम्मा |
| १ | ७१३ | १,३६,१५,४९ | - | ३ | ४६ | ८८ | १३७ |
| २ | ४१५ | २,३०,१५,३८ | - | ४ | ४३ | ७९ | १२६ |
| ३ | १४१२ | ९,९२,६०,५२ | ३ | १ | ४१ | ७५ | १२० |
| ४ | ५१० | ६६,१७,५१ | १ | - | २९ | ६२ | ९२ |
| ५ | ५८९ | २,५१,९४,१८ | - | ४ | ३२ | ७२ | १०८ |
| ६ | ४१० | ३६,०४,०६ | - | - | २२ | ५१ | ७३ |
| ७ | ४६२ | ५०,२७,३४ | - | १ | ३३ | ५४ | ८८ |
| जम्मा | ४५११ | १७६३३४४८ | ४ | १३ | २४६ | ४८१ | ७४४ |

उपर्युक्त सबै निकायको लेखापरीक्षण गर्नुपर्दा कार्यालयको विद्यमान सांगठनिक संरचनालाई संगठन व्यवस्थापन सर्वेक्षण गरी प्रदेश तहसम्म संरचना विस्तार गर्नुपर्ने देखिएको छ ।

५.५ **भौतिक पूर्वाधारः** कार्यालयले प्रयोग गरिरहेको पुरानो भवन भूकम्पको कारण प्रयोग योग्य नभएको कारण पुल्चोकमा भाडाको भवनमा कार्यालय स्थापना गरिएको छ । केही महाशाखा बबरमहल र अधिकांश पुल्चोकमा रहेको कारण कार्यसञ्चालनमा कठिनाइ रहेको छ । तालिम हल नभएका कारण नियमित तालिम तथा बैठक सञ्चालनमा समेत असर परेको छ । कार्यालयका अधिकांश कर्मचारीलाई न्यूनतम भौतिक पूर्वाधारहरुको अभाव र सवारीसाधन न्यून संख्यामा रहेको, स्थान अभावको कारण धेरै कर्मचारी एकै ठाउँमा बसेर काम गर्नुपरेको कारण कार्यवातावरणमा असर परेको छ ।

केन्द्रमा ठेक्का बन्दोबस्त गरिएको भवन निर्माणको काम समयमा नै सम्पन्न गर्ने, तत्काले केन्द्र तथा प्रदेशस्तरमा पर्याप्त स्थान हुने गरी कार्यालय भवन र सबारीसाधनलगायत अन्य पूर्वाधारहरु उपलब्ध गराई कार्यालयको कार्यवातावरणमा सुधार एवं कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न थप भौतिक पूर्वाधार र सुविधाको व्यवस्था गर्नु जरुरी छ ।

५.६ **लेखापरीक्षणको पद्धति एवं गुणस्तरः** कार्यालयले नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा लेखापरीक्षण गर्दा जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेको छ । यस प्रयोजनको लागि सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण निर्देशिका, खरिद लेखापरीक्षण मार्गदर्शन, प्रशासकिय खर्च लेखापरीक्षण मार्गदर्शन, आयोजना हिसाब लेखापरीक्षण मार्गदर्शन, राजस्व लेखापरीक्षण मार्गदर्शन, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, गुणस्तर पुनरावलोकन निर्देशिका जारी गरिएको छ । यी मानदण्ड, मार्गदर्शन अन्तर्राष्ट्रिय मानदण्ड (ईसाई) को आधारमा अद्यावधिक गरिएको लेखापरीक्षणमानको पूर्ण परिपालना हुन जरुरी छ ।

वार्षिक लेखापरीक्षण योजना तयार गर्ने, मन्त्रालयगत योजना र निकायगत योजना तयार गरी स्थलगत रुपमा विस्तृत लेखापरीक्षण गरिन्छ । कतिपय आन्तरिक लेखापरीक्षण एवं केन्द्रीय आर्थिक विवरणको आधारमा संक्षिप्त लेखापरीक्षण विधि पनि अवलम्बन गर्ने गरिएको छ । लेखापरीक्षणमा उच्च तहको अधिकारीबाट सुपरिवेक्षण गर्ने व्यवस्था छ । विशेष प्रकृतिका छनौट भएका विषयको कार्यमूलक तथा विशेष

लेखापरीक्षणसमेत गरिन्छ । लेखापरीक्षण सम्पन्न भैसके पश्चात् छनौटमा परेका फाइलको स्वतन्त्र टोलीबाट गुणस्तर पुनरावलोकन गर्ने र लेखापरीक्षणबाट देखिएका व्यहोराको अनुगमन गर्ने गरिएको छ । विद्युतीय माध्यमबाट लेखापरीक्षण गर्न शुरुवात गरिएको अवस्था छ ।

जोखिमयुक्त विषयमा गहनरुपले नियमितता, मितव्ययिता, कार्यक्षता, प्रभावकारिता र औचित्यको पक्षसमेत विचार गरी वित्तीय एवं कार्यमूलक लेखापरीक्षणको विधि अपनाउने गरिन्छ । यसैगरी सरकारी खर्चमा मूल्यको सार्थकता र विकास निर्माण, सेवाप्रवाहको प्रभावकारिता जाँच्न सामयिक लेखापरीक्षण, दिगो विकास तथा वातावरण, प्रकोप व्यवस्थापन, जनस्वास्थ्यका सरोकारका विषय, हिनामिना हानि-नोक्सानी हुने सम्भावित क्षेत्र, राजस्व योजना तथा सङ्कलन प्रणाली जस्ता विषयहरुमा विशेष लेखापरीक्षण गर्नुपर्ने देखिन्छ । सूचना प्रविधिको प्रयोगलाई दिगो बनाउँदै लेखापरीक्षणलाई कागजरहित बनाउने, गुणस्तर नियन्त्रण र गुणस्तर आश्वस्तता प्रक्रियालाई मजबुत बनाउने र सबै मानदण्ड एवं निर्देशिकाको पूर्ण पालना गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनुपर्ने देखिन्छ । साथै स्थानीय तह लेखापरीक्षण निर्देशिका तर्जुमा गर्ने, संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण र प्रतिवेदन सम्बन्धमा विधि र प्रक्रिया तय गर्नुपर्ने अवस्था छ । साथै सार्वजनिक चासो र विशेष प्रकारका कार्यहरुको आर्थिक वर्ष समाप्त नहुँदै कारोबार हुँदाकै अवस्थामा लेखापरीक्षण गर्ने अन्य मुलुकहरुको अभ्यासलाई पनि आत्मसात गर्नुपर्ने देखिन्छ ।

५.७ **संस्थागत सम्बन्ध र सञ्चार:** लेखापरीक्षण नतिजाको प्रभाव बढाउनको लागि सरोकारवालासँगको सम्बन्ध महत्वपूर्ण हुन्छ । यस तथ्यलाई मध्यनजर राखेर व्यवस्थापिका-संसदका समितिहरु, सार्वजनिक लेखा समितिका सदस्यहरु, सरकारी कार्यालय, नेपाल सरकारका उच्च पदाधिकारीहरुसँग नियमित अन्तरक्रिया गर्नु जरुरी छ । सबै लेखापरीक्षण नतिजालाई पारदर्शी तवरले सम्प्रेषण गर्न वेभसाइटमार्फत सार्वजनिकीकरण गर्ने र सञ्चार माध्यमसँग सम्पर्कमा रही निरन्तर सूचना प्रवाह गरी जनस्तरसम्म जानकारी गराउन जरुरी छ ।

सरकारी कार्यालयहरु, सार्वजनिक लेखा समितिलगायत संसदीय समितिहरु, व्यवसायिक पेसागत संघ संस्था, स्थानीय तहका पदाधिकारी,

निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तरक्रिया गर्दै वित्तीय अनुशासनको पालना स्थिति जानकारी गराउन जरुरी छ । त्यसैगरी लेखापरीक्षण योजना कार्यान्वयनको नियमित अनुगमन गर्ने, वित्तीय व्यवस्थापन सम्बन्धमा आमरुपमा शिक्षा, तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । सञ्चार रणनीतिको कार्यान्वयन, इन्ट्रानेट, प्रेस ब्रिफिङ, बुकलेट ब्रोसर प्रकाशन गर्ने एवं सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै आम नागरिक तहसम्म राज्यको वित्तीय प्रशासनको स्थितिको जानकारी गराउनुपर्ने देखिन्छ ।

# परिच्छेद - तीन
# कार्ययोजना

६. **कार्ययोजनाः** उपर्युक्तबमोजिम आन्तरिक र बाह्य वातावरणको विश्लेषण पश्चात् कार्यालयको स्वतन्त्रता, कार्यालयले सम्पादन गर्ने लेखापरीक्षणको विधि प्रक्रिया, आन्तरिक नियन्त्रण र सुशासन, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, सरोकारवालासँगको सम्बन्ध विशेष सुधारका क्षेत्र देखिएका छन् । यो कार्ययोजना तयारीको क्रममा वित्तीय क्षेत्रमा भएका विभिन्न अध्ययन, अनुसन्धान, महालेखा परीक्षकका विगतका प्रतिवेदन तथा कार्ययोजनाहरु र अन्य सर्वोच्च लेखापरीक्षण संस्थाहरुबाट भएको समकक्षी पुनरावलोकनबाट दिएका सुझावहरुलाई समेत ध्यान दिइएको छ । उक्त विषय लेखापरीक्षण गुणस्तर व्यवस्थापन ढाँचाका प्रमुख आयामहरु हुन जसमा सुधार नगरेसम्म लेखापरीक्षणबाट अपेक्षित नतिजा वा प्रभाव पार्न सकिँदैन । तसर्थ कार्यालयले तपसिलका विषयहरु समावेश गरी ६ वर्षीय कार्ययोजना निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ ।

१. संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार,
२. नीतिगत तथा कानुनी सुधार,
३. लेखापरीक्षण प्रक्रियामा सुधार,
४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार,
५. वित्तीय अनुशासन तथा जवाफदेहिता,
६. संस्थागत सम्बन्ध र सञ्चार

## १. संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार

### १.१ संगठन संरचना

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम संघ, प्रदेश र स्थानीय तहको स्थलगत लेखापरीक्षण गर्न कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन लागू गर्ने ।

(ख) महालेखा परीक्षकको कार्यालयअन्तर्गत केन्द्रमा संगठन पुनर्संरचना गर्ने तथा प्रदेश तहसम्म कार्यालय स्थापना गरी स्थलगतरुपमा लेखापरीक्षणको व्यवस्था गर्ने ।

(ग) आन्तरिक नियन्त्रण, संसदीय सम्पर्क, जनसम्पर्क, अनुसन्धान तथा विकास र सूचना तथा सञ्चार जस्ता छुट्टै इकाई गठन गरी कार्यान्वयनमा ल्याइने ।

(घ) महालेखा परीक्षकको कार्यालयअन्तर्गत सुविधा सम्पन्न लेखापरीक्षण तालिम केन्द्र तथा Audit Excellence Center को स्थापना व्यवस्था गरिने ।

(ङ) लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन तथा बेरुजू फछ्र्यौटको लागि सशक्त अनुगमन तथा बेरुजू फछ्र्यौट इकाई (Audit Follow up and Irregularities Clearance unit) स्थापना गरी कार्यान्वयनमा ल्याइने ।

(च) लेखापरीक्षणको गुणस्तर नियन्त्रण तथा विश्वसनीयता सुनिश्चिततताका लागि दक्ष जनशक्ति सहितको लेखापरीक्षण गुणस्तर आश्वस्तता इकाई (Audit Quality Assurance Unit) लाई सुदृढ गरी कार्यान्वयनमा ल्याइने । केन्द्रीय समन्वय इकाईलाई प्रभावकारी बनाइनेछ ।

(छ) आर्थिक कारोबारको प्रकार, क्षेत्र, तरिका र जोखिमको स्तरअनुसार लेखापरीक्षण गर्ने विशेष इकाईहरु (Special Sector Audit Units) स्थापना गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याइने ।

## १.२ भौतिक पूर्वाधार

(क) भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गर्ने र उक्त समितिले पेस गरेको प्रतिवेदनका आधारमा क्रमशः पूर्वाधार व्यवस्था गरिने ।

(ख) केन्द्रमा कार्यालय भवन निर्माण कार्य तत्काल शुरु गरी समयमै सम्पन्न गरिने । नेपाल सरकारसँग समन्वय गरी महालेखा परीक्षकको लागि सरकारी आवासको व्यवस्था गरिने ।

(ग) संघ तथा प्रदेश तहमा कार्यालय भवनमा अपाङ्गमैत्री सुविधासहितको आधुनिक भौतिक सुविधा व्यवस्था गरिने ।

(घ) केन्द्र र अन्तर्गत कार्यालयहरुमा पर्याप्त सवारीसाधन, फर्निचर, कार्यालय सामग्री तथा मेसिनरी, उपकरणको व्यवस्था गरिने । लेखापरीक्षण कार्यमा आवश्यक पर्ने अनुसन्धान सामग्री व्यवस्था गरिने ।

(ङ) सूचना प्रविधि रणनीति कार्यान्वयन गर्न सूचना प्रविधिमैत्री पूर्वाधारको विकास गरिने ।

(च) लेखापरीक्षण गरिने केन्द्रीय निकायमा लेखापरीक्षण कक्ष र जिल्ला तहमा लेखापरीक्षण डोर कार्यालयको व्यवस्था गरिने ।

## १.३ जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

(क) नयाँ संगठन संरचनाअनुसार विभिन्न विषय विज्ञ कर्मचारीको परिचालन व्यवस्था तथा वृत्ति विकासका लागि दीर्घकालीन जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने ।

(ख) महालेखा परीक्षकको कार्यालयका कर्मचारीको लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी सेवा, शर्त, सुविधा र वृत्ति विकासका व्यवस्था गरिने ।

(ग) लेखापरीक्षणको लागि आवश्यकताअनुसार विषय विज्ञहरुको परामर्श सेवा लिने व्यवस्था गरिने ।

(घ) पेसाविद (Professional) कर्मचारीहरुको सेवा निरन्तरताका लागि वृत्ति विकास तथा विशेष सुविधाको व्यवस्था गरिने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सँगसँगै तालिम (Twinning Training) को व्यवस्था गरिने ।

(च) कर्मचारीलाई अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरको तालिम तथा प्रशिक्षणको माध्यमबाट क्षमता अभिवृद्धि गरिने ।

(छ) लेखापरीक्षणको लागि आवश्यक पर्ने बहुआयामिक ज्ञान प्राप्ति हुने विशेष पाठ्यक्रम तर्जुमा गरी प्रशिक्षणको व्यवस्था मिलाई सबै कर्मचारीलाई सूचना प्रविधिमैत्री सीपयुक्त बनाउने ।

(ज) दीर्घकालसम्म पेसाविद्ध कर्मचारीको सेवाको सुनिश्चितता गर्न कर्मचारीलाई लामो अवधिको (Long- term Course) अध्ययनको व्यवस्था गर्ने ।

(झ) लेखापरीक्षणलाई सहयोग गर्ने IDEA तथा अन्य सफ्टवेयरहरुको खरिद एवं नवीकरण गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने ।

## १.४ कर्मचारी सुविधा र सम्बन्ध

(क) कर्मचारीहरुको मनोबल उच्च राखी लेखापरीक्षकको आचरण र व्यवहारमा आँच आउन नदिनको लागि अध्ययन गरी कार्यसम्पादनमा आधारित विशेष प्रोत्साहन प्रणालीको कानुनी व्यवस्था गरिनेछ ।

(ख) कर्मचारीको कार्यविवरणअनुसार कार्यसम्पादन सम्झौता गरी नतिजाको आधारमा मूल्याङ्कन गरिने । कर्मचारीको सुविधा व्यवस्थाको सम्बन्धमा समय समयमा अध्ययन गरी नेपाल सरकारको समन्वयमा उचित व्यवस्था गरिने ।

(ग) कर्मचारीहरुलाई अपर्झट आईपर्ने व्यक्तिगत तथा पारिवारिक आर्थिक समस्या समाधानका लागि नेपाल सरकारसँग समन्वय गरी कर्मचारी कल्याणकारी कोष सञ्चालनमा ल्याइने ।

(घ) कर्मचारीका परिवार तथा सन्ततिका लागि नेपाल सरकारको नीति तथा योजनाको अधीनमा रही अधिकाधिक सुविधा उपलब्ध गराउन पहल गर्ने ।

(ङ) कर्मचारीहरुबीच आपसी सहयोग र सद्भावको भावना सिर्जना गर्न आन्तरिक सामाजिकीकरण (Socialisation) का कार्यक्रम सञ्चालन गरिने ।

(च) कर्मचारीका हितका जायज गुनासो सुनुवाई र समस्या सम्बोधनको व्यवस्था गर्ने ।

(छ) आधिकारिक ट्रेड युनियनहरुमार्फत उठाइने कर्मचारीका हित र वृत्ति विकाससँग सम्बन्धित मागहरु उचित ढङ्गले सम्बोधन गरिने ।

(ज) व्यवस्थापन र ट्रेड युनियनबीचको सम्बन्ध सुमधुर राखी स्वस्थ कार्यवातावरण र परिस्कृत कार्य संस्कृतिको विकास गर्ने ।

(झ) कर्मचारीहरुमा कार्यालय समयपालना, नियमितता तथा तोकिएको पोशाक र परिचयपत्र प्रयोग जस्ता आधारभूत विषयहरुमा ध्यान दिइने ।

(ञ) कर्मचारीमा रहेको नवीन सोच, सिर्जनशीलता तथा नयाँ अवधारणा जस्ता व्यक्तिगत क्षमता उपयोगमा ल्याउन अभिप्रेरित गरिने ।

(ट) कर्मचारीहरुको अनुशासन, पदीय आचरण र लेखापरीक्षकको आचारसंहिता पालनामा कमी आउन नदिन उपयुक्त अनुगमन संयन्त्र बनाइने ।

## १.५ कार्य प्रणालीमा सुधार

(क) लेखापरीक्षण गर्ने संस्थाको पेसागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वासनीयता, पेसागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकास गर्ने ।

(ख) आन्तरिक कार्य सञ्चालनको लागि स्वचालित कार्यालय प्रणाली (Office Automation System) लागू गरिने तथा गतिविधि जानकारीको लागि सिसिटिभी जस्ता उपकरणको व्यवस्था गरिने ।

(ग) कार्यालयको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइने ।

(घ) निश्चित मापदण्डका आधारमा तहगत अधिकार प्रत्यायोजन गरी जिम्मेवारी तथा जवाफदेहिता तोकिने । विषयसँग सम्बन्धित पदाधिकारीहरुलाई निर्णय प्रक्रियामा सहभागी गराइने ।

(ङ) समयमै वार्षिक योजना तयार गरी सार्वजनिक निकायहरुलाई जानकारी गराउने ।

(च) हालसम्म लेखापरीक्षण हुन बाँकी इकाई यकिन गरी ३ महिनाभित्र लेखापरीक्षण सम्पन्न गर्न बक्यौता रहेका निकायहरुसँग समन्वय गरिने ।

(छ) दातृ निकायको सहयोगमा सञ्चालन हुने परियोजनाहरुको लेखापरीक्षण समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गरिने ।

(ज) लेखापरीक्षण गरिने निकायलाई लेखापरीक्षण हुने समय, लेखापरीक्षणमा आवश्यक पर्ने सूचना सङ्कलनसम्बन्धी मुख्य मुख्य विवरणहरु र लेखापरीक्षणमा संलग्न कर्मचारीहरुबारे अग्रिम जानकारी दिइने ।

(झ) सार्वजनिक निकायहरुबाट अनुरोध भई आएका विषयहरु वा सम्परीक्षणको लागि अनुरोध भएको तर सम्परीक्षण हुन नसकेकोमा पर्याप्त कारणहरु उल्लेख गरी समयमै जानकारी पठाउने ।

(ञ) जिल्ला तहमा लेखापरीक्षण डोर खटाउँदा सूचना जारी गरी सार्वजनिक रुपमा जानकारी गराउने । लेखापरीक्षण डोरहरुको अनुगमन र प्रतिवेदन लिई समीक्षाको व्यवस्था गरिने ।

(ट) लेखापरीक्षण गर्दा देखिएका व्यहोराका बारेमा जिम्मेवार पदाधिकारीहरुसँग छलफल अन्तरक्रिया गरी औचित्य प्रमाणित गर्ने प्रमाण र पुष्ट्याई पेस गर्ने मौका दिइने ।

(ठ) लेखापरीक्षण गर्दा देखिएका संवेदनशील विषयहरु र हिनामिना तथा हानि-नोक्सानी भएका विषयहरु तत्कालै प्रतिवेदन लिई अनुगमन गरिने ।

(ड) लेखापरीक्षणबाट देखिएका कैफियतहरु तत्कालै फछ्र्यौट गर्ने व्यवस्था मिलाइने । जटिल प्रकृतिका र तत्काल फछ्र्यौट हुन नसक्ने विषयहरुमात्र प्रतिवेदनमा समावेश गर्ने नीति अवलम्बन गरिने ।

(ढ) लेखापरीक्षण गरी प्राप्त कैफियतहरु र संवेदनशील विषयहरु जिम्मेवार पदाधिकारीहरुबाट तत्कालै सुधार वा फछ्र्यौट गर्न

गराउन पहल गरिने । जिम्मेवार पदाधिकारीले त्यस्ता कैफियत स्पष्ट गर्न वा फछ्र्यौट गराउन उदासीनता देखाएमा तत्कालै उच्च व्यवस्थापनलाई जानकारी गराइने व्यवस्था मिलाइने ।

(ण) सार्वजनिक निकायहरुबाट प्राप्त भएका विषयहरु (बेरुजू सम्परीक्षणलगायत) तत्काल सम्बोधन गरी फरफारक गर्ने व्यवस्था मिलाउने ।

(त) सेवाग्राही सर्वेक्षणको माध्यमबाट कार्यालयको कार्यप्रक्रिया सुधार गरिने ।

(थ) आन्तरिक कार्य सञ्चालन कार्यविधि तर्जुमा गरी वैज्ञानिक तरिकाले कार्य फछ्र्यौट गर्ने पद्धति कार्यान्वयनमा ल्याउने ।

## २. लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानुनी सुधार

(क) नेपालको संविधान अनुकूल हुने गरी लेखा तथा लेखापरीक्षण सम्बन्धी ऐन, नियम तथा कार्यविधि र नीतिगत व्यवस्थामा परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।

(ख) अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरुद्वारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासहरु प्रयोगमा ल्याउने ।

(ग) विद्यमान सन्दर्भमा समयसापेक्ष लेखापरीक्षण ऐन तर्जुमा गरिने ।

(घ) लेखापरीक्षणलाई थप व्यवस्थित बनाउन लेखापरीक्षण नियमावली तर्जुमा गरी लागू गरिने ।

(ङ) महालेखा परीक्षकको कार्यालयका कर्मचारी व्यवस्थापन र सञ्चालन गर्न लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा गरी लागू गरिने ।

(च) सार्वजनिक निकायका पदाधिकारीको जवाफदेहिता यकिन गर्न वित्तीय जवाफदेहिता कानुन जारी गर्न पहल गर्ने ।

(छ) लिमा तथा मेक्सिको घोषणापत्र अनुरुपको वित्तीय र प्रशासकीय स्वायतता हासिल गर्न कानुनी सुधार गर्ने ।

(ज) सार्वजनिक क्षेत्र लेखामानको सन्दर्भमा नियन्त्रक तथा नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिताको सुनिश्चितता गर्न आर्थिक कार्यविधि ऐनमा परिमार्जन गर्न सुझाव दिने ।

(झ) विद्यमान लेखा ढाँचाको उपयुक्तताबारे अध्ययन गरी परिमार्जन गर्न सुझाव दिने ।

(ञ) सार्वजनिक निकायहरुले प्रयोगमा ल्याउने सूचना प्रणाली तथा अन्य सफ्टवेयरहरुको वैधानिकताको लागि महालेखा परीक्षकको स्वीकृति गराउने व्यवस्था गरिने ।

(ट) अर्थतन्त्रका विविध क्षेत्रको कारोबारको सन्दर्भमा लेखापरीक्षकले हेर्नुपर्ने विषयबारे सम्बन्धित नियमनकारी निकायहरुमार्फत आवश्यक नीतिगत र कानुनी व्यवस्था गर्ने ।

## ३. लेखापरीक्षण प्रक्रियामा सुधार

(क) नेपालको संविधान र प्रचलित कानुनबमोजिम पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुने वित्तीय (Financial), कार्यमूलक (Performance), परिपालना (Compliance) तथा विषय विशेष (Specialised) लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षण मानदण्ड, निर्देशिकाहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक गरी कार्यान्वयन गरिने ।

(ख) संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण तथा प्रतिवेदन पद्धति सम्बन्धमा लेखापरीक्षण निर्देशिका र मार्गदर्शन तयार गरी लागू गरिने ।

(ग) नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसार सबै नियन्त्रक निकायहरुको वित्तीय विवरणमा राय प्रदान गरिने ।

(घ) लेखापरीक्षण सम्पन्न हुने बित्तिकै निकायगत लेखापरीक्षण प्रतिवेदन जारी गर्ने तथा संवैधानिक एवं कानुनी व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था गरिने ।

(ङ) संगठित संस्थाहरुको लेखापरीक्षण गर्ने, बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा उनीहरुको कार्यको अनुगमन गर्नेबारे Standard Operating Procedures (SOP) तयार गरी कार्यान्वयन गर्ने ।

(च) पूर्णस्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न आवश्यक क्षमता अभिवृद्धि गरी कार्यालयका कर्मचारीबाट समेत गर्ने व्यवस्था मिलाउने । त्यस्ता संस्थाहरुको सञ्चालन दक्षता (Operating efficiency) उत्पादन र सेवाप्रवाहको प्रभाव मूल्याङ्कन गरिने ।

(छ) वित्तीय (Financial), कार्यमूलक (Performance), परिपालना (Compliance) को लेखापरीक्षण प्रतिवेदन छुट्टाछुट्टै जारी गर्ने व्यवस्था मिलाउने ।

(ज) लेखापरीक्षकको आचारसंहितालाई अद्यावधिक गर्ने र आचारसंहिता परिपालना एवं अनुगमनमा प्रभावकारिता ल्याउने ।

(झ) लेखापरीक्षणमा सूचना प्रविधिको उपयोग अभिवृद्धि गर्दै कागजविहीन लेखापरीक्षण प्रणाली कार्यान्वयन गरिने ।

(ञ) लेखापरीक्षण गरिने निकायहरुले प्रयोग गरेका सूचना प्रणालीमा लेखापरीक्षकको पहुँच स्थापित गरिने । ती सूचना प्रणालीको उपयोग गरी जोखिम विश्लेषण गर्ने ।

## ४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार

(क) नेपालको संविधानबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट प्रभावकारी ढङ्गले लेखापरीक्षण गर्न जनसरोकार र सार्वजनिक महत्वका विषयहरु, राजस्व प्रक्षेपण तथा सङ्कलन प्रणाली, दिगो विकास तथा वातावरण, प्राकृतिक स्रोत र साधनको उपयोग, सांस्कृतिक सम्पदा संरक्षण, सार्वजनिक खरिद, सार्वजनिक स्वास्थ्य, महामारी तथा प्रकोप व्यवस्थापन, र सार्वजनिक सेवा प्रवाह जस्ता क्षेत्रहरुमा जोखिमका आधारमा विशेष ध्यान केन्द्रित गर्ने ।

(ख) सार्वजनिक वित्त व्यवस्थापन तथा सेवाप्रवाहमा अत्याधिक अनियमितता, हिनामिना तथा हानि नोक्सानी र भ्रष्टाचारको जोखिम रहेका क्षेत्रहरुमा पहिचान गरी तदनुरुप वित्तीय, कार्यमूलक, परिपालना तथा विशेष लेखापरीक्षण (Financial, Performance, Compliance and Specialised) गरिने । साथै जोखिमको गाम्भीर्यताको आधारमा लेखापरीक्षणको कार्यदक्षता र प्रभावकारिता कायम गर्न सामयिक (Concurrent),

अनुसन्धानात्मक (Detective) लगायतका लेखापरीक्षणका विविध वैज्ञानिक तरिकाहरु अवलम्बन गरिने ।

(ग) सार्वजनिक निकायहरुमा कार्यरत पदाधिकारीहरुको कार्यसम्पादनको आधारमा संस्थागत उद्देश्य प्राप्तिमा परेको प्रभाव तथा असर यकिन गर्न नेतृत्व परीक्षण (Auditing Leadership) विधि अवलम्बन गरिने ।

(घ) आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित निकायहरुसँग समन्वय गरी अन्तिम लेखापरीक्षणलाई नतिजामूलक क्षेत्रमा केन्द्रित गरिने ।

(ङ) कार्यमूलक लेखापरीक्षण र विशेष प्रकृतिको लेखापरीक्षणमा सेवा वा कार्यहरुको असर वा प्रभाव मूल्याङ्कन गर्न आवश्यकताअनुसार सामाजिक लेखापरीक्षणको (Social Audit) अवधारणा अनुरुप नागरिक समाजको समेत सहभागिता बढाइने ।

(च) सार्वजनिक वित्तीय व्यवस्थापन तथा सेवा प्रवाहमा देखिने कमी कमजोरी तत्काल रोक्न (Preventive) र समयमै सुधार गर्ने (Corrective) व्यवस्था गर्न सामयिक लेखापरीक्षण गरिने ।

(छ) लेखापरीक्षण प्रतिवेदनहरुको गुणस्तर नियन्त्रण र गुणस्तर आस्वस्तताको लागि विशेष इकाई (Quality Assurance Unit) बनाइने तथा लेखापरीक्षण गुणस्तर नियन्त्रण समिति बनाई बेरुजूमा एकरुपता ल्याई गुणस्तर अभिवृद्धि गरिनेछ ।

(ज) लेखापरीक्षणको गुणस्तर मूल्याङ्कनको आधारमा उत्कृष्ट लेखापरीक्षण टोलीलाई पुरस्कृत गरिनेछ । साथै लेखापरीक्षण गरिएको विषयको सम्बन्धमा प्रचलित कानुन तथा लेखापरीक्षणमानको आधारमा लेखापरीक्षकको जिम्मेवारी सुनिश्चितता गरिने ।

(झ) लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने (Pre-issuance Review) नीति तयार गरी कार्यान्वयन गरिने । बाह्य समकक्षी पुनरावलोकन (Peer Review) गराई प्रतिवेदनको गुणस्तर आश्वस्तता यकिन गर्ने ।

## ५. वित्तीय अनुशासन तथा जवाफदेहिता

(क) सार्वजनिक निकायहरुमा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलगायत जिम्मेवारी र जवाफदेहिता निर्वाहका निरोधात्मक उपायहरु अपनाउने ।

(ख) सार्वजनिक निकाय र संस्थाहरुको लेखा व्यवस्थापन र कार्यप्रणालीमा सुधारात्मक उपायहरु अवलम्बन गरी अनियमितता र बेरुजू न्यूनीकरण गर्ने । सकभर बेरुजू हुनै नपाउने व्यवस्था गर्ने ।

(ग) लेखापरीक्षणको व्यहोरा फछ्र्यौट गर्न सार्वजनिक निकायहरुमा संस्थागत व्यवस्था गरी समयमै अनियमितता तथा बेरुजू फछ्र्यौट गर्ने । बेरुजू फछ्र्यौट कार्यलाई प्रभावकारी बनाउन अभियान चलाउने ।

(घ) पूर्वक्रियाशील सम्परीक्षण प्रणाली (Proactive follow up system) लागू गरी लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार व्यक्तिहरुबाट समयबद्ध बेरुजू फछ्र्यौट कार्ययोजना माग गरी अनुगमन गरिने ।

(ङ) अत्यधिक बेरुजू हुने निकायहरुलाई उच्च जोखिम समूहमा वर्गीकरण गरी विशेष निगरानी तथा अनुगमनको व्यवस्था गरिने ।

(च) स्थलगत लेखापरीक्षणको क्रममा लेखापरीक्षणबाट देखिएका व्यहोरा तत्काल फछ्र्यौट गर्ने गराउने, जटिल प्रकृतिका व्यहोराबाहेक अन्य सबै व्यहोरा प्रतिवेदन अगाबै फछ्र्यौट गर्ने गराउने ।

(छ) लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षकबीचको अन्तर सम्बन्ध प्रभावकारी बनाउने ।

(ज) वित्तीय अनुशासन पालना र बेरुजू फछ्र्यौटमा उदासीन पदाधिकारीहरुको अभिलेख तयार गरी सम्बन्धित निकायहरुलाई सूचित गरिने ।

(झ) वित्तीय जवाफदेहिताको मूल्याङ्कन गरी कार्यालयको र जिम्मेवार पदाधिकारीको वर्गीकरण (Grading) गरी प्रतिवेदनमार्फत सार्वजनिक गरिने ।

(ञ) सार्वजनिक पदमा बहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेबारी दिनु पर्दा आर्थिक अनुशासन वित्तीय जवाफदेहिता पालनाको स्तर समेतको आधार लिने व्यवस्था मिलाउने ।

## ६. संस्थागत सम्बन्ध र सञ्चार

### ६.१ संवैधानिक तथा संसदीय सम्बन्ध

(क) लेखापरीक्षणको कार्य समयमै सम्पन्न गरी राष्ट्रपतिसमक्ष प्रतिवेदन गर्ने ।

(ख) प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको व्यवस्था गर्ने ।

(ग) व्यवस्थापिका-संसद र संसदीय समितिहरुसँगको सम्बन्ध प्रभावकारी बनाउने ।

(घ) व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमार्फत लेखापरीक्षण प्रतिवेदनउपर छलफल र कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ङ) प्रदेश तथा स्थानीय तहका लेखापरक्षिण प्रतिवेदनहरु छलफल तथा कार्यान्वयको व्यवस्था मिलाउने ।

(च) सार्वजनिक लेखा समितिलाई महालेखा परीक्षकको प्रतिवेदनउपर गरिने छलफलका विषयबारे छलफल अघि जानकारी गराउने व्यवस्था गरिने ।

(छ) व्यवस्थापिका-संसद र संसदीय समितिहरुसँग निकट सम्बन्ध स्थापित गरी निर्देशन र सुझाव कार्यान्वयन गर्ने ।

(ज) संवैधानिक निकाय र तिनका पदाधिकारीहरुसँग सम्पर्क स्थापना, सम्बन्ध विकास तथा सूचना आदान प्रदान र सहकार्य गर्ने ।

(झ) लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्ने ।

(ञ) लेखापरीक्षण सल्लाहकार समितिलाई क्रियाशील गराई प्रभावकारी बनाउने ।

### ६.२ बाह्य सम्पर्क तथा सञ्चार

(क) कार्यालयको सञ्चार रणनीति (Communication Strategy) परिमार्जन गरी कार्यान्वयनमा ल्याइने ।

(ख) आम नागरिकमा लेखापरीक्षण र लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यम र नागरिक समाजसँगको सहकार्य बढाउने । हटलाइन र लाइभ च्याटमार्फत सूचना प्राप्त गर्ने ।

(ग) लेखापरीक्षण तथा वित्तीय अनुशासनसम्बन्धी गतिविधिहरु समेटी मासिक बुलेटिन प्रकाशन गर्ने । रेडियो, टेलिभिजनबाट नियमित रुपमा सो सम्बन्धी कार्यक्रम सञ्चालन गरिने । नियमित रुपमा पत्रकार भेटघाट गरिने ।

(घ) वैदेशिक दातृ निकायका प्रतिनिधिहरुसँग छलफल र अन्तरक्रिया गरी वैदेशिक स्रोतको परिचालनमा प्रभावकारिता ल्याउने एवं प्राविधिक तथा वित्तीय सहयोग परिचालन गर्ने ।

(ङ) वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन सम्बन्धमा संघ, प्रदेश र स्थनीय तहका सम्बद्ध पदाधिकारीहरुसँग अन्तरक्रिया छलफल तथा व्यापक रुपमा शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(च) लेखा तथा लेखापरीक्षण क्षेत्रसँग सम्बन्धित संस्था तथा विज्ञ विशेषज्ञहरु, नागरिक समाज तथा सुशासनसम्बन्धी संस्थाहरुसँग नियमित छलफल अन्तरक्रियाद्वारा सुझाव प्राप्त गर्ने ।

(छ) निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्रहरुसँग समन्वय गरी सूचना आदान प्रदान तथा प्रवर्धनात्मक कार्यहरु गर्ने ।

(ज) आम जनसमुदायमा आम्दानी, खर्च, विकास र लेखापरीक्षणका बारेमा सुसूचित गर्ने ।

(झ) वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षणसम्बन्धी अध्ययन अध्यापन गर्ने गराउने संस्थाहरुसँ्ग समन्वय गरी त्यस्ता संस्थामा अध्ययनरत व्यक्तिहरुलाई कार्यालयमा प्रशिक्षार्थी सेवा (Intern) लिने व्यवस्था मिलाउने ।

(ञ) अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाहरु, सार्वजनिक क्षेत्रको लेखापरीक्षणसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरुसँगको सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यालयको उपस्थिति रहने व्यवस्था गर्ने ।

# परिच्छेद - चार
# कार्यान्वयन एवं उपलब्धि

७. **कार्यान्वयन रणनीतिः** कार्ययोजनामा प्रर्वद्धनात्मक (Promotional), निवारक (Preventive) र उपचारात्मक, सुझावात्मक (Curative) रणनीति अवलम्बन गरिनेछ । प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत तालिम, अन्तरक्रिया र सूचना प्रवाहको माध्यमबाट लेखापरीक्षण गर्ने निकायलाई वित्तीय अनुशासन कायम गर्न प्रेरित गरिनेछ । निवारक रणनीतिमा आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रणाली स्थापना गर्ने, आचारसंहिता जारी एवं कार्यान्वयन, ऐन नियम, कार्यविधि तर्जुमा गरी बेरुजू हुन नदिनेतर्फ लेखापरीक्षण गरिने निकायलाई अभिप्रेरित गरिनेछ । उपचारात्मक रणनीतिमा सम्बन्धित निकायलाई सुझाव दिने, सुझाव कार्यान्वयनको अनुगमन गर्ने, सुझाव कार्यान्वयनमा उदासीन निकाय र पदाधिकारीलाई कारबाहीको सिफारिस गर्ने तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गरी विश्वसनीय बनाउने क्रियाकलाप पर्दछन् । कार्ययोजनाको कार्यान्वयनको लागि तोकिएका विभिन्न महानिर्देशनालय, निर्देशनालयको जिम्मेवारी हुनेछ भने सार्वजनिक निकायको सहयोगी भूमिका हुनेछ ।

८. **अनुगमन व्यवस्थाः** कार्ययोजनाको कार्यान्वयन अनुगमन नियमन महालेखा परीक्षकबाट हुनेछ । यस प्रयोजनका लागि तोकिएको उप-महालेखा परीक्षकको संयोजकत्वमा अनुगमन समिति रहनेछ । उक्त समितिले सम्बन्धित महानिर्देशनालयहरुलाई कार्यान्वयनको लागि सूचित गर्ने, मासिक रुपमा प्रगति लिने, आइपरेका समस्या सम्बन्धमा महालेखा परीक्षकलाई जानकारी गराउनेछ । अनुगमनको क्रममा देखिएका वस्तुस्थितिका आधारमा कार्ययोजनालाई आवश्यक परिमार्जन गरिनेछ । कार्ययोजनाको कार्यान्वयनको लागि योगदान गर्नु कार्यालयका सबै कर्मचारीको जिम्मेवारी हुनेछ ।

९. **जोखिमः** कार्ययोजना कार्यान्वयन सन्दर्भमा आइपर्ने जोखिमसमेतको मूल्याङ्कन गरिएको छ । कतिपय भौतिक पूर्वाधारका क्रियाकलापहरुमा बजेटको जरुरी पर्दछ । प्रशासनिक पुनर्संरचनाका क्रियाकलापको लागि

नेपाल सरकारको र कानुन सुधारको लागि नेपाल सरकार र विधायिकाको सहयोग जरुरी पर्दछ । तसर्थ कार्यालयका सबै कर्मचारी र महानिर्देशनालय निर्देशनालयको सहयोग समन्वय एवं सक्रियता, बजेटको पर्याप्तता, निर्णय प्रक्रियामा हुने ढिलाइ, नेपाल सरकारको सहयोगलाई प्रमुख जोखिमको रुपमा पहिचान गरिएको छ । यी जोखिमको निराकरण गर्न कर्मचारीहरुलाई प्रक्रियामा सहभागी गराउने, बैठकको माध्यमबाट सूचना प्रवाह, सम्बन्धित निकायबीच नियमित अन्तरक्रिया र परामर्श लिने रणनीति अवलम्बन गरिनेछ ।

१०. **अपेक्षित उपलब्धि:** यस कार्ययोजनाको कार्यान्वयनबाट २०७४ - २०८० को अवधिमा देहायका प्रमुख उपलब्ध्धि हासिल हुनेछन्:

- कार्यालयको संरचना, कार्यप्रणाली, जनशक्तिको क्षमतामा विकास र लेखापरीक्षण पद्धतिमा सुधार भई संगठनात्मक कार्यदक्षता अभिवृद्धि हुने । संघ, प्रदेश र स्थानीय तहसम्मको लेखापरीक्षण गर्न दक्ष एवं प्रभावकारी संस्थागत व्यवस्था हुने ।
- लेखापरीक्षणसम्बन्धी नीति, ऐन र नियमावलीमा सुधार भई महालेखा परीक्षकको स्वतन्त्रता कायम हुने । नेपालको सार्वजनिक क्षेत्रको लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र साख अभिवृद्धि हुने ।
- व्यवस्थापिका-संसद तथा संसदीय समितिहरु र संवैधानिक निकायहरुबीच सुझाव, सूचना र सहयोग आदान प्रदान भई वित्तीय प्रशासनको क्षेत्रमा सुधार हुने ।
- सरकारी कोषबाट हुने खर्चको दुरुपयोग नियन्त्रण गरी मुद्रा सार्थकताको (Value for Money) मान्यता स्थापित हुने ।
- विकास निर्माण, राजस्व सङ्कलन तथा खर्च व्यवस्थापन र सेवा प्रवाहका क्षेत्रमा पारदर्शिता  तथा कार्यदक्षता अभिवृद्धि भई उद्देश्यबमोजिमको अपेक्षित उपलब्धि हासिल हुने ।
- अर्थतन्त्रका विविध क्षेत्रका नियमनकारी निकायहरुको प्रभावकारिता अभिवृद्धिबाट स्वस्थ एवं प्रतिस्पर्धी अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने ।

- मुलुकको शासकीय प्रणालीमा अनियमितता तथा खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता अभिवृद्धि भई सुशासनका सूचकाङ्कहरुमा सुधार आउने ।
- सार्वजनिक निकायका पदाधिकारीहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि भई आर्थिक अनुशासन कायम हुने । आर्थिक कारोबारमा बेरुजू न्यूनीकरण हुने । विद्यमान अवस्थामा रहेका बेरुजू फछ्र्यौट गरी स्वस्थ वित्तीय प्रशासन स्थापित हुने ।
- कार्यालयले सञ्चालन गरेका गतिविधि र प्रतिवेदनबारे सार्वजनिक रुपमा व्यापक पहुँच बढ्ने र सरोकारवालाहरुसँगको सम्बन्ध मजबुद भई सूचना तथा सहयोग आदान प्रदान हुने ।